# कीर्तिपुर नगरपालिका

र

## स्वच्छ वातारण संरक्षण समिति बीच भएको

## सम्झौता पत्र

२०८० साल असोज महिनाको ०४ गते विहिबार

स्वच्छ वातावरण संरक्षण समिति स्था. २०७२ कीर्तिपुर काठमाडौं

## कीर्तिपुर नगरपालिका र स्वच्छ वातारण संरक्षण समिति बीच फोहोरमैला व्यवस्थापनको सम्झौता

कीर्तिपुर नगरपालिकामा स्थानीय जनसमुदाय र निजी क्षेत्र समेतलाई परिचालन गरी एक प्रभावकारी, वातावरणीय दृष्टिले अनुकुल, स्थानीय परिस्थिति सुहाँउँदो र आर्थिक दृष्टिकोणबाट समेत मितव्ययी हुने गरी एकिकृत दिगो फोहोरमैला व्यवस्थापन प्रणाली स्थापना गर्नुको साथै निजी सामुदायिक साझेदारी गर्ने उद्देश्यले कीर्तिपुर नगरपालिका (यसपछि प्रथम पक्ष भनिने छ) र **स्वच्छ वातारण संरक्षण समिति** (यसपछि दोस्रो पक्ष भनिने छ) बीच कीर्तिपुर नगरबासीहरूलाई सहजरुपमा फोहोर संकलन गर्ने सेवा पुर्याउन र कुहिने/नकुहिने फोहोर वर्गीकरणलाई विशेष ध्यानमा राखी फोहोर संकलन तथा व्यवस्थापन गर्न सहमती भए बमोजिम दुबै पक्षले निम्न शर्तहरु पालना गर्न मञ्जुरी भई कीर्तिपुर नगरपालिकामा बसी दुबै पक्षले सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

### १. परिभाषाः

१.१. कीर्तिपुर नगरपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८ अनुसार गठन भएका र सोही ऐनको दफा ८ (१) को (क) अनुसारको अविछिन्न नेपालको काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका, वडा नं.१०, बर्खाहिटी, नयाँबजारमा कार्यालय भएको संगठित संस्था मानिनेछ ।

१.२ निजी क्षेत्र भन्नाले संघ संस्था सम्पनी ऐन २०५३ अन्तर्गत स्थापित रजिष्टर्ड गरिएको संगठित निजी/सामुदायिक संस्थालाई मानिनेछ ।

१.३ सेवा ग्राही भन्नाले निजी क्षेत्रले सेवा उपलब्ध गराउने घरधनीहरु तथा व्यवसायीहरु मानिनेछ

१.४ फोहोरमैला व्यवस्थापन भन्नाले वातावरणलाई प्रतिकुल असर नपर्ने गरी सार्वजनिक स्थल, चोक, घरायसी फोहरमैलाको संकलन, संचय, वर्गिकरण, परीवहन र प्रशोधन कार्यलाई मानिनेछ ।

### २. कीर्तिपुर नगरपालिकाको दायित्वः

२.१ सेवाग्राहीहरुको घरघरबाट फोहोरमैला वर्गिकरण गरी संकलन गर्न चाहिने आवश्यकता अनुसार डस्तबिनहरु (जैविक, अजैविक र अन्य) उपभोक्ता र दोश्रो पक्षको सहकार्यमा सहुलियत दरमा प्रथम पक्षले घरघरमा उपलब्ध गराउन लागत सहभागीतामा योजना संचालन गर्नेछ ।

२.२ प्रशोधन केन्द्र/ट्रान्सफर स्टेशन, कम्पोष्ट प्लान्ट र पुनः प्रयोगीय बस्तु छुटाउन तथा प्रशोधन केन्द्र स्थापनाका लागि कीर्तिपुर नगरपालिकाबाट भौतिक पूर्वाधार तयार गरिएको, कीर्तिपुर नगरपालिका, वडा नं. ९, बस पार्कको पूर्व तर्फको फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि जग्गा प्रयोगमा ल्याउनेछवा प्रथम पक्षबाट व्यवस्था गरिएको स्थानमा प्रशोधन केन्द्र संचालन गर्नका लागि फोहरमैला

व्यवस्थापनमा कार्यरत संस्थाहरु मध्येबाट विषयगत (जैविक, अजैविक, ढुवानी, व्यावस्थापन तथा सुरक्षा) को रुपमा छुट्टा छुटै जिम्मेवारी दिईनेछ ।

२.३ सेवाग्राहीहरुमा चेतनामुलक कार्यक्रम संचालन गर्न र वातावरणीय शिक्षा दिने कार्य दोश्रो पक्षको समन्वय र सहकार्यमा आवश्यकता अनुसार कीर्तिपुर नगरपालिकाले कार्यक्रम सञ्चालन गर्नेछ ।

२.४ सम्भावित अन्य नयाँ स्थानमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक भौतिक पूर्वाधार विकास गर्नका लागि दोश्रो पक्षसंग लागत सहभागितामा योजना सञ्चालन गर्न प्रथम पक्षबाट आवश्यक सहयोग गर्नेछ ।

२.५ ऐतिहासिक मठमन्दिर, पाटीपौवा, सार्वजनिक स्थलहरु, पार्क, चोक, गल्ली, सार्वजनिक सडक आदिमा निरन्तर स्थानीय समुदाय अथवा टोल विकास संस्थाको सहकार्यमा सरसफाई कार्यक्रम संचालनबाट आउने फोहोरमैलालाई अन्तिम विर्सजन सम्म पु-याउन फोहोरको परिणामका आधारमा दोश्रो पक्षलाई आवश्यक सहयोगको व्यवस्था गर्नेछ । हाललाई पहिलो चरणमा अनुसूची २ मा उल्लेखित स्थानहरुमा कार्यक्रम संचालन गरिनेछ ।

२.६ दोश्रो पक्षले गरेका सम्पूर्ण कार्यको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि तपशिल बमोजिमको ५ जना सदस्य रहने गरी अनुगमन समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| क) वन, वातावरण तथा विपद समितिका | संयोजक | १ |
| ख) नगरपालिकाको अनुगमन समितिका प्रतिनिधि | सदस्य | १ |
| ग) सम्वन्धित वडा अध्यक्ष/सचिव | सदस्य | १ |
| घ) निजी संस्थाका प्रतिनिधि | सदस्य | १ |
| ङ) वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव | १ |

२.७ निजी क्षेत्रका कार्यहरू र तथ्याङ्क सम्वन्धी जानकारी तथा पारदर्शिता लागि अनुगमन गर्नेविधिमा सुधार ल्याउनका लागि प्राविधिक सहयोगका विभिन्न संघ संस्थासंग समन्वय र सहकार्यगर्नेछ ।

२.८ निजी क्षेत्रले फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यमा जनसमुदाय वा सेवाग्राहीबाट २५% वा सो भन्दा बढि सेवाग्राहीहरुबाट लेखित रुपमा असन्तुष्टी पत्र प्राप्त हुन आएको खण्डमा तथ्यपरक बुझी प्रथम पक्षबाट अर्को विकल्प खोज्न सक्नेछ ।

**३. निजी क्षेत्रको दायित्वः**

३.१ दोश्रो पक्षले सम्झौता अनुरुप कार्य संचालन गर्नका लागि चाहिने आवश्यक जनशक्ति उपकरण तथा अन्य साधन जुटाउने छ । साथै घरायसी फोहोरमैला संकलन गर्न प्रयोग हुने रिक्सा, गाडा तथा गाडीहरुको व्यवस्था पनि गर्नु पर्नेछ ।

३.२ प्रस्तावित कीर्तिपुर नगरपालिकाको क्षेत्र नं. १ को लागि फोहोरमैला व्यवस्थापन प्रणालीमा उल्लेख भए अनुरुप घरदैलोबाट फोहोरमैला वर्गिकारण गरी संकलन गर्नेछ ।



वातावरण संरक्षण समिति स्था. २०७२ कीर्तिपुर काठमाण्डौ

प्रमुख प्रशासकीय अधिकृत

कीर्तिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३

३.३ संकलन गरिएको फोहोरमैलालाई ट्रास्फर स्टेशन/प्रशोधन केन्द्रमा लागि प्रशोधन गर्ने सम्पूर्ण कार्य दोश्रो पक्षको रहनेछ । फोहर प्रशोधन गर्दा दोश्रो पक्षले पुनः प्रयोग र कम्पोष्ट बनाउन सकिने फोहोरलाई पुनः प्रयोग र कम्पोष्ट गरी बाँकी भएको सम्पूर्ण फोहोरलाई मात्र सो क्षेत्रबाट ८ घण्टा भित्र बन्चरे डाँडा ल्याण्डफिल साईट लानु पर्नेछ ।

३.४ कीर्तिपुर नगरपालिकाले व्यवस्था गरेको ट्रान्सफर स्टेशन/प्रशोधन केन्द्रमा अन्य नगरपालिकाको फोहोर ल्याएमा सम्बन्धित अनुगमन समिति वा अन्य सूत्रबाट जानकारी प्राप्त भएमा प्रमाणको आधारमा जरीवाना तथा नियम बमोजिम कारबाही गर्नेछ ।

३.५ कीर्तिपुर नगरपालिकाको सहयोग लिई आफ्नो क्षेत्रमा रहेको घरधुरीहरुबाट वर्षको एक पटक फोहोरमैलाको सर्वेक्षण गरी आवश्यक तथ्याङ्क संकलन गर्ने कार्य गर्नु पर्नेछ । सो कार्यका लागि पहिलो पक्षसंग समन्वय र सहकार्य गर्न सकिनेछ ।

३.६ सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यको समय अवधि सम्झौता भएको मितिले १ (एक) वर्ष रहनेछ । प्रथम पक्षलाई कार्यको प्रगति प्रतिवेदन प्रत्येक त्रैमासिकरुपमा बुझाउनु पर्नेछ । त्यसपछि दुबै पक्षको सहमतिमा कार्य अवधि बढाउन सक्नेछ । यो सम्झौता २०८० साल श्रावण १ गते देखि लागु हुनेछ ।

३.७ फोहोरमैला संकलनका लागि क्षेत्र, समय, बार स्पष्ट तालिका तयार गरी कम्तिमा हप्ताको २ पटक वा आवश्यकता अनुसार पहिलो पक्षसंग समन्वय गरी सेवाग्राहीहरूलाई जानकारी दिनका लागि प्रचारप्रसार गर्नु पर्नेछ ।

३.८ फोहोरमैला कम्तीमा हप्ताको २ पटक वा आवश्यकता अनुसार सो भन्दा बढि संकलन कार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।

३.९ दोस्रो पक्षको सेवाग्राहीको घरधुरि संख्याको आधारमा फोहोरमैला प्रशोधन केन्द्रमा स्थानको व्यवस्था गर्ने कार्य प्रथम पक्षले गर्नु पर्नेछ ।

**४. फोहरमैलाको स्वामित्वः**

लक्षित क्षेत्रबाट संकलन गरेको फोहोरमैलाको स्वामित्व दोश्रो पक्षको हुनेछ ।

**५. स्वास्थ्य परीक्षणः**

दोश्रो पक्षले प्रथम पक्षसंग समन्वय गरी फोहोरमैला व्यवस्थापन कार्यमा कार्यरत कर्मचारीहरुलाई वर्षमा दुई पटक स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**६. सम्झौताका शर्त पालन नगरेमाः**

६.१ कुनै पनि कारणले दोश्रो पक्षले आफुले पूरा गर्नु पर्ने दायित्वको पालना गर्न नसकेको अवस्था भएको भनी दफा २.६ मा उल्लेखित अनुगमन समितिले ठहर गरेमा प्रथम पक्षले १० (दश) दिनको सूचना दिई यो सम्झौता भंग गरी, यस सम्झौताले तोकेका दायित्वहरु अर्को पक्षलाई हस्तान्तरण गर्न सक्नेछ



स्वच्छ वातावरण संरक्षण समिति, स्था. २०७२, कीर्तिपुर काठमाडौं

प्रमुख प्रशासकीय अधिकृत

। त्यसरी दोश्रो पक्षले दायित्व बहन गर्न नसकि सम्झौता भंग भई त्यस्तो कार्य अर्को पक्षलाई लगाउँदा प्रथम पक्षले बहन गरेको खर्च दोश्रो पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।

६.२ कुनै पक्षले विशेष उचितकारण देखाई ३ महिनाको अग्रिम लिखित सूचना दिई यो सम्झौता भंग गर्न सक्नेछ ।

६.३ दफा २.८, ६.१ र ६.२ मा उल्लेख भए बाहेक अरु कुनै कारण प्रथम पक्षले यो सम्झौता भंग गरेमा सो कारणबाट दोश्रो पक्षलाई हुन गएको नोक्सान अनुपातको क्षतिपूर्ति प्रथम पक्षले दोश्रो पक्षलाई दिनुपर्ने हुन्छ ।

**७. सरकारलाई तिर्नु पर्ने कारको दायित्व :**

नेपाल सरकारले तोकेको कर तथा स्थानीय कर तिर्नु  वा बुझाउनु पर्ने दायित्व दोश्रो पक्षको हुनेछ।

**८. क्षति तथा नोक्सानी प्रतिको दायित्वः**

दोश्रो पक्षले वा निजको कर्मचारी वा प्रतिनिधिलाई निजले गर्नु पर्ने कुनै कार्य गरेको वा गर्नु पर्ने कुनै कार्य नगरेको कारणबाट सृजना भएको नोक्सानी वा क्षति उपरको दायित्व दोश्रो पक्षको हुनेछ र यस्ता कार्यबाट प्रथम पक्षलाई कुनै क्षति हुनु हुदैन ।

**९. कार्य सम्पादनमा असफलताः**

दोश्रो पक्षले संकलनको लागि राखिएको स्थानबाट फोहोरमैला उठाउन नसकेमा प्रथम पक्षको सुचना पाएको मितिबाट २४ (चौबीस) घण्टाभित्र यस्तो स्थितिलाई सुधार गर्न नसकेमा प्रथम पक्षले फोहोरमैला उठाउने कार्य आफै गर्न सक्नेछ र यसरी फोहोरमैला उठाउँदा लागेको सम्पूर्ण खर्च तथा सो को ५० प्रतिशत जरिवाना वापत दोश्रो पक्षबाट असूल उपर गर्नेछ र कुनै दैवी विपत्ती वा काबुल बाहिरको परिस्थिती परी कार्य हुन नसकेमा यो दफा लागु हुने छैन ।

**१०. उजुरी एवं सुझावको अभिलेखः**

दोश्रो पक्षले उपभोक्ताहरुले गरेका सबै उजुरी एवं सुझावहरुको लिखित अभिलेख राख्नु पर्नेछ र उक्त अभिलेखहरु प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**११. पोशाकः**

प्रथम पक्ष र दोस्रो पक्ष बीच समन्वय र सहकार्यले सहमती भएको बमोजिम सम्पूर्ण कर्मचारीहरुलाई दोश्रो पक्षले पोशाकको व्यवस्था गर्नु पर्नेछ । दोस्रो पक्षका कर्मचारीहरुले कार्यअवधि भर उक्त पोशाक अनिवार्य लागउनु पर्नेछ । पोशाकलाई निरन्तर सफा गरी लगाउनु पर्नेछ ।

**१२. सरसफाई सुविधा केन्द्र व्यवस्थाः**

प्रथम पक्षबाट निर्माण भएको सरसफाई सुविधा केन्द्रमा दोश्रो पक्षका सरसफाई क्षेत्रमा कार्यरत सरसफाई कर्मीहरुलाई अनिवार्यरुपमा सेवा लिनका लागि पहल गर्नु पर्नेछ । उक्त सरसफाई सुविधा केन्द्र प्रयोग गरे वापत प्रति व्यक्ति सेवाको आधारमा शुल्क दोश्रो पक्षले केन्द्र संचालकलाई सम्झौता बमोजिम रकम बुझाउनु पर्नेछ ।

**१३. कारबाहीको लागि सुचित गर्नु पर्नेः**

कुनै पनि व्यक्ति वा संघ संस्थाबाट फोहोरमैला व्यवस्थापन कार्यमा बाधा पुग्ने गरी कुनै कार्य गरेमा वा जथाभावी फोहर फालेमा त्यस्ता व्यक्ति वा संघ संस्थालाई दोश्रो पक्षले त्यसो नगर्न सूचना जारी गर्न सक्नेछ र यस्ता व्यक्ति उपर कानुनी कारबाही वा कुनै पेनाल्टी गर्नु परेमा सो को लागि कीर्तिपुर नगरपालिका कार्यालयमा यथासिघ्र लिखित सूचना गर्नु पर्नेछ ।

**१४. अर्को पक्षसंग सम्झौता गर्न नहुनेः**

प्रथम पक्ष र दोश्रो पक्ष बीच यो सम्झौता सम्पन्न भएपछि करार अवधिभर प्रथम पक्षले अर्को कुनै पक्ष (संघ संस्था वा व्यक्ति) संग यसै कार्यको लागि अर्को सम्झौता वा करार गर्न पाउने छैन ।

**१५. हड्तालः**

दोश्रो पक्षका मातहतमा रहेका कर्मचारी वा व्यवस्थापन पक्षबाट कुनैपनि कारणले हडताल गरेमा वा हडतालको कारणले सरसफाई कार्य हुन नसकेमा प्रथम पक्षले दोश्रो पक्षसंग रहेको सम्पूर्ण उपकरण वा सवारी साधनहरुको प्रयोग गरी सरसफाई कार्य संचालन गर्न सक्नेछ । यसरी हड्तालको कारणले दोश्रो पक्षले गर्न नसकेको सरसफाई प्रथम पक्षले गर्दा हुने सम्पुर्ण खर्चहरु दोश्रोपक्षले व्यहोर्नु पर्नेछ ।

**१६. बालश्रम र हिंसाः**

दोस्रो पक्षले फोहोर संकलन तथा व्यवस्थापनका सम्पूर्ण कार्यमा बालश्रम प्रयोग गर्न नपाउने यदी प्रयोग गरीएको पाएमा बालश्रम ऐन, २०५९ अनुसार कारवाही हुनेछ । त्यस्तै गरी फोहोरमैला व्यवस्थापन कार्यमा संलग्न महिला तथा पुरुष कर्मचारीहरूलाई कुनै पनि किसिमको हिंसाको कारण सरसफाइ कार्यमा समस्या आउन दिनु हुँदैन । सो कारणबाट सृजित समस्या आएको खण्डमा सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

**१६. सेवा शुल्क, भुक्तानी एवं लेखाः**

१६.१ दोश्रो पक्षले सेवा शुल्क वापत अनुसूचि १ मा उल्लेखभए बमोजिम सेवा शुल्क उठाउन पाउनेछ । तर कुनै कारणबस सेवा प्रदान गरे वापत सेवा शुल्क असुलमा बाधा पर्न गएमा कीर्तिपुर नगरपालिकाले शुल्क उठाउन पुरा सहयोग गर्नेछ । कल कारखाना, होटल, तरकारी बजार तथा रेस्टुरेन्टहरु आदीको सम्वन्धमा यी व्यवसायहरुले उत्पादन गरेको फोहोरको मात्राको आधारमा

आपसी छलफलद्वारा सेवा शुल्क दर टुँङ्गो लगाइनेछ । सेवा शुल्कमा फेरबदल गर्नु परेमा प्रथम पक्ष र दोश्रो पक्षको आपसी छलफलबाट गरीनेछ । सम्झौता पत्र एक प्रति प्रथम पक्षलाई अनिवार्यरुपमा दोस्रो पक्षले दिनु पर्नेछ ।

१६.२ दोश्रो पक्षले हरेक महिना उठाएको सेवा शुल्क एक छुट्टै आफ्नो खातामा जम्मा गर्नु पर्नेछ । उक्त रकम फोहोरमैला व्यवस्थापनको सफ्टवयरसंग मिल्नु पर्नेछ । साथै सेवा शुल्कको २ प्रतिशत नगरपालिकाको आन्तरीक खाता नं ०२११११०००४७२७७०११ (कृषि विकास बैंक) मा जम्मा गर्नु पर्नेछ ।

१६.३ दोश्रो पक्षले उपभोक्ताहरुसंग सेवा शुल्क असुल गर्दा डिजिटल ट्र्याकिङ्ग टुल सफ्टवेयर नगदी रसिदको प्रयोग गर्नु पर्नेछ । पहिला पक्षलाई मासिकरुपमा विद्युतिय विजक वा सफ्टवेयरबाट अनिवार्य जानकारी दिनु पर्नेछ ।

१६.४ सेवा शुल्कको विवरण लेखा परिक्षण मार्फत प्रथम पक्षलाई वार्षिक प्रतिवेदनमा स्पष्ट उल्लेख हुने गरी पेश गर्नु पर्नेछ ।

१६.५ असाय/गरीव/असक्त/आर्थिक आवस्था कमजोर भएका एकल महिला वा पुरुषहरुको पहिचान गरी सम्वन्धित वडासंग समन्वय गरी विशेष सहुलियत कार्डको व्यवस्था दोस्रो पक्षले गर्नु पर्नेछ ।

१६.६ फोहोरमैला संकलन सेवा निरन्तर दोस्रो पक्षले दिएको अवस्थामा सेवा शुल्क उठाउने क्रममा ३ महिना भन्दा बढी सेवा ग्राहीले रकम नबुझाएको खण्डमा जम्मा भुक्तानी हुन बाँकी रकममा ५ प्रतिशत विलम्ब शुल्क दोस्रो पक्षले उठाउन पाउनेछ ।

**१७. समस्या समाधानः**

दुबै पक्ष बीच सम्झौता कार्यान्वयनको क्रममा कुनै समस्या उत्पन्न भएमा आपसी सहमतिबाट समस्या समाधान गरिनेछ । परस्पर सहमतिबाट पनि समाधानको उपाय ननिस्केमा दुबै पक्षको १/१ प्रतिनिधि र दुबै पक्षलाई मान्य हुने अर्को एक जना प्रतिनिधि राखी गठन हुने समितिले सोको टुँगो लगाउने छ । सो बाट पनि समस्याको समाधान नभएमा कुनै पनि पक्षले करार ऐन २०२३ बमोजिम उपचारको बाटो अवलम्बन गर्न सक्नेछ ।

१८. यस सम्झौतामा समयानुकुल हेरफेर थपघट गर्ने सम्पूर्ण अधिकार कीर्तिपुर नगरपालिकाको हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| कीर्तिपुर नगरपालिकाको तर्फबाट | स्वच्छ वातारण संरक्षण समितिको तर्फबाट |
| नामः श्री लक्ष्मी प्रसाद बास्कोटा | नामः श्री दिलमान पोडे |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः अध्यक्ष |
| सहीः | सहीः |
| मितिः २०८०/०६/०५ | मितिः |

प्रमुख प्रशासकीय अधिकृत

स्वच्छ वातावरण संरक्षण समिति
स्था. २०७२
कीर्तिपुर काठमाडौं

अनुसूचीः १

# कीर्तिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्षाहिटी, नयाँबजार, कीर्तिपुर

**मासिक सेवा शुल्क विवरण**

| क्र.सं. | सेवाग्राहीको प्रकार | सेवा शुल्क दर (रू) | कैफियत |
|---|---|---|---|
| १ | सामान्य परिवार (१ देखि ४ जना सम्म) | २००। | सामान्य भन्दा परिवार संख्या बढेको खण्डमा प्रति व्यक्ति रु. २०। थप गर्ने । |
| २ | कोठा भाडा बस्ने | | प्रति व्यक्ति रु. २०। थप गर्ने |
| ३ | फ्याट कोठा भाडा (१ देखि ४ जना सम्म) | १५०। | प्रति फ्याल्ट |
| ४ | **विद्यालयः** | | |
| ४.१ | **निजी विद्यालयः** | (होस्टेल नभएको) | (होस्टेल भएको) |
| | ५० जना विद्यार्थी देखि १०० सम्म | ५००। | १०००। |
| | १०१ जना विद्यार्थी देखि २५० सम्म | १०००। | २०००। |
| | २५० जना विद्यार्थी देखि ५०० सम्म | १५००। | ३०००। |
| | ५०१ जना विद्यार्थी देखि ७५० सम्म | २०००। | ४०००। |
| | ७५१ जना विद्यार्थी देखि २००० सम्म | २५००। | ५०००। |
| ४.२ | **सरकारी विद्यालय** | | |
| | आधारभुत तह सम्म | ५००। | |
| | माध्यमिक तह सम्म | ७५०। | |
| | उच्च माध्यामिक तह सम्म | १०००। | |
| ४.३ | **विश्व विद्यालय छात्राबास** | ५०००। | |
| ५ | भोजनालय/होटल/रेष्टुरेन्ट/स्याटरिङ | ७००।देखि २५०००। सम्म | आपसि सहमति अनुसार |
| ६ | पार्टी प्यालेस | १०००। | |
| ७ | गुठी घर/भोज घर | ३००। | |
| ८ | मोटर साईक वर्कसप | २५०। | |
| ९ | सिनेमा हल | १०००। | |
| १० | मासु पसल/फ्रेस हाउस | ५००। | |



स्वच्छ वातावरण संरक्षण समिति
स्था. २०७२
कीर्तिपुर काठमाडौं

प्रमुख प्रशासकीय अधिकृत
कीर्तिपुर नगरपालिका
कीर्तिपुर, काठमाडौं
२०७३

| | | | |
|---|---|---|---|
| ११ | डिपार्टमेन्टल सपहरु, स्टोरहरु | १०००। | |
| १२ | बैक तथा वित्तीय संस्था | ५००। | |
| १३ | संस्थागत कार्यालयहरु | ५००। | |
| १४ | किराना पसल | २००। | |
| १५ | कपडा/कस्मेटिक पसल | २००। | |
| १६ | औषधि पसल | २००। | |
| १७ | सैलुन/व्युटिपार्लर | २००। | |
| १८ | भोज आयोजना स्थल | ५००। | |
| १९ | फलफूल/तरकारी पसल | ३००। | |
| २० | वधशाला (प्रति ट्रिप) | २०००। | |
| २१ | उद्योग कलकारखाना (कार्पेट, गार्मेन्ट) | २०००। | |
| २२ | कृषि टहरा | २००। | |
| २३ | अस्पताल | ५०००।-<br>२५०००। | आपसि सहमति अनुसार |
| २४ | क्लिनिक | १५००। | |
| २५ | दुध डेरी | ५००. | |
| २६ | पिक्निक स्पोर्ट | २००। | प्रति स्टल |
| २७ | दुधजन्य पदार्थ उत्पादन स्थल | १०००। | |

नोटः फोहोरको अनुपातमा सेवा शुल्क निर्धारण गरिनेछ ।न्युनतम सामान्य घरधुरीमा २००। भन्दा नघटाई हाल लिइ आएको शुल्कमा फोहोर वर्गिकरण तथा फोहोर न्युनिकरण गरेको घरधुरीहरुका लागि कार्डको व्यवस्था गरी प्रति महिना रु.५०। घटाउन सकिने छ ।

स्वच्छ वातावरण संरक्षण समिति स्था. २०७२ कीर्तिपुर काठमाडौं

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचि-२

**ऐतिहासिक मठमन्दिर, पाटीपौवा, ढोका, चोक आदी**

१. लायकु क्षेत्र, बाघभैरव मन्दिर लगायत देवपोखरी क्षेत्र
२. उमामहेश्वर मन्दिर र ईन्द्रयणी मन्दिर परिसर
३. चिलंचो मन्दिर परिसर र ल्वहदेग मन्दिर, तःननी, चिठु विहार हुँदै लोकतान्त्रीक चोक
४. नयाँबजार बस पार्क क्षेत्र
५. इन्द्रायणी मन्दिर परिसर
६. आदीनाथ मन्दिर परिसर
७. जलविनायक मन्दिर परिसर
८. पाँगा लाछि, बालकुमारी मन्दिर परिसर र विष्णुदेवी मन्दिर
९. खासी बजारको तीन पोखरी क्षेत्र
१०. टौदह
११. शिवालय, ट्ङ्गलाफाँट

फोहोर संकलन गर्ने क्षेत्रः

| क्षेत्र नं. | क्षेत्रमा रहेका टोलहरु | वडा नं. | अनुमानित घरदुरी संख्या | फोहोर संकलन गर्ने संस्थाहरुको नाम |
|---|---|---|---|---|
| १ | कीर्तिपुर नगरपालिका, वडा नं ९ को ढल्पा, नगाउँ क्षेत्र बाहेक नयाँबजार नगरपालिका भवनको पुर्वको क्षेत्र, कीर्तिपुर चक्रपथको पश्चम दक्षिणको सम्पुर्ण पुरानो बस्तीहरु र वडा नं. १० को कीर्तिपुर नगरपालिकाको पश्चिमको सडक देखि सहिद स्मारक कलेजको सडक, लोकतान्त्रिक चोक, तःननी, भरियापुखुसी, माताखेल, सिन्द्व, तुझोल, थतुझोल, कुसिचा, मानत्वा, ल्वहदेग, गुत्पौ, ढोकासी, चिलंनच्व, अम्लसी, निकाखासी र वडा नं. १ को लहना थाम्वा टोल। | ९ र १० | ५०७१ | स्वच्छ वातावरण संरक्षण समिति |
| २ | वडा नं. ३ र ४ को सम्पूर्ण टोल बस्तीहरु, वडा नं. २ को देवढोका, गल्छे, उमामहेश्वर, वडा नं. १ को लहना थाम्वा बाहेक पुरानो टोल बस्ती सबै, वडा नं ५ राराहिल स्कूलको बाटो हुँदै यचो सम्म, अधिकारी गाउँ, विस्ट गाउँ, भत्केपाटी, वडा नं. ९ को नगाउँ क्षेत्र र ढल्पाको सम्पूर्ण क्षेत्र | २,३,४ र ५ | ७२२० | नेपाल स्वच्छ वातारण सृजना केन्द्र |
| ३ | ६ का सम्पूर्ण टोल बस्तीहरु र कीर्तिपुर चक्रपथबाट उत्तर, त्रि.वि. केन्द्रिय क्याम्पबाट पश्चिम, चक्रपथबाट दक्षिण र खवयँल भएर बग्ने बःखु खोलाको पूर्व वडा नं १, २ र १० टयाङ्गला क्षेत्र | १,२ ६ र १० | ७६४३ | क्लिन नेपाल |
| ४ | वडा नं. ७ र ८ का सम्पूर्ण टोल बस्तीहरु र वडा नं. ५ को महाबो, लखु, सिकुछें, देउख्यः, खाचो, इचाख्य, दथल, धुसी, समचा, इचाख्य, जःखाः । | ५,७ र ८ | ५३४१ | कीर्तिपुर फोहोर व्यवस्थापन सेवा प्रा.लि. |
| | **जम्मा** | | **२५,२७५** | |



स्वच्छ वातावरण संरक्षण समिति स्था. २०७२ कीर्तिपुर, काठमाडौं

कीर्तिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३

प्रमुख प्रशासकीय अधिकृत